# आदर्शवाणी

**हितंयत् सर्वभूतानामात्मनश्च सुखावहम्।**
**तत् कुर्यादीश्वरे होतन्मूलं सर्वार्थेसिद्धये॥५/४०॥**

जे कार्यबाट सम्पूर्ण प्राणीको भलो हुन्छ र स्वयं आफ्ना लागि पनि सुखकारी हुन्छ त्यस्तो कर्म ईश्वरलाई अर्पण गर्ने भावनाद्वारा गर्नुहोस्, यसैबाट धर्म, अर्थ, काम र मोक्षरुपी चारै पुरुषार्थ सिद्ध हुन्छन् ।

**-विदुरनीति**

# सम्पादकीय

## सुशासनमा गण्डकी प्रदेश

संविधानले देशलाई संघीय संरचनामा लैजाने निर्णय गरेपछि देशको प्रशासनिक एवं विकास निर्माणका संयन्त्रहरुमा व्यापक परिवर्तन भएको छ । ती परिवर्तनमध्ये प्रदेशको स्थापना पनि एक हो । नेपालको संविधानले देशमा सात प्रदेशको व्यवस्था गरेको छ । ती प्रदेशहरुले आफ्नो स्थापनाको ८ वर्ष बिताएर नवौं वर्षमा प्रवेश गर्दैछन् । त्यसअनुसार स्थापित गण्डकी प्रदेशले आज (२२ माघमा) आफ्नो स्थापना दिवस मनाउँदै छ । यस अवसरमा गण्डकी प्रदेश सरकारले गरेका काम कुरामा चर्चा हुनु स्वाभाविक हो । त्यसबेला कतिपयले संघीय संरचना नेपालको लागि उपयुक्त नभएको भन्दै विरोध जनाउने गर्दथे भने अहिले तिनीहरुको स्वर सानो हुँदै गएको छ । तैपनि विरोध गर्नेहरु छन् । तिनीहरुलाई पराजित गर्न प्रदेश सरकारले चुस्तस्फूर्त काम गरेर देखाउनु आवश्यक छ ।

जहाँसम्म गण्डकी प्रदेशको कुरा छ, यो प्रदेशले केही क्षेत्रमा अन्य प्रदेशले भन्दा राम्रो र उल्लेख्य काम गरेको छ । गण्डकी सरकारले संघीय संरचना खर्चालु भयो भन्ने नागरिकको कुरालाई दृष्टिगत गरेर आफ्नो प्रशासनलाई मितव्ययी बनाउने प्रयास गरेको छ । सरकारले आफ्नोमातहतका ३२ कार्यालयहरु मर्ज गरे १९ कार्यालय कायम गरिएको छ भने अन्य खर्चमा पनि मितव्ययीता अपनाएको छ । स्वास्थ्य सम्बन्धमा यसले महत्वपूर्ण काम गरेको छ । प्रदेशमा भएको यसअघिका ३ सय शैय्याबाट बढाएर ८ सय शैय्या पुऱ्याएको छ भने गर्भवती र सुत्केरीको ज्यान बचाउन ७१ जनाको हेलिकाप्टरबाट निःशुल्क उद्धार गरिएको छ । डायलाइसिस सेवाको क्षेत्रमा पनि केही प्रगति भएको छ । स्वास्थ्यकर्मीको सेवा विस्तार गर्नुपर्ने देखिएकाले तिनीहरुको दरबन्दी ३ सय ९८ बाट बढाएर १ हजार २५ पुऱ्याइएको छ । त्यस्तै, एक घर, एक धाराको नाराअन्तर्गत १ लाख ६६ हजार घरधुरीमा निजी धाराजडान गर्न सरकार सफल भएको सरकारले जनाएको छ ।

सरकारले सडक बिस्तार गरेको छ । घरेलु मदिरा ब्राण्डिङ गर्ने ऐन, गुरुङ र मगर भाषालाई सरकारी कामकाजको भाषा बनाउने ऐनलगायतमा सरकारले प्रगति गरेको छ । तैपनि अन्तर्राष्ट्रिय खेलमैदान बनाउने काम किन चासो देखाएन, बहुसांस्कृतिक ग्राम निर्माण गर्ने कुरा कहाँ पुग्यो भन्ने प्रश्न प्रदेश सरकारलाई सोध्ने गरिन्छ । यसै सन्दर्भमा प्रदेशको राजधानी पोखरामा बस बिसौनी किन अझसम्म बनेन र त्यो कसले बनाउने हो ? भन्ने कुरा पनि नागरिकको तर्फबाट आउने गर्दछ । ती सबै कामकुराको मूल्याङ्कन गर्दा प्रदेशले आफ्नो काममा गति थप्नु आवश्यक देखिन्छ ।

# गौरीशंकर क्याम्पसमा रमा

*आदर्श समाज*
पोखरा, २१ माघ



हेमजास्थित गौरीशंकर बहुमुखी क्याम्पस सञ्चालक समितिको अध्यक्षमा रमा त्रिपाठी निर्वाचित भएकी छन् ।

क्याम्पस सभासद्को मंगलबारको भेलाबाट त्रिपाठीको नेतृत्वमा नयाँ सञ्चालक समिति गठन भएको हो । जसको उपाध्यक्षमा नारायणबहादुर कुँवर तथा सदस्यहरुमा दानबहादुर थापा, मित्रलाल त्रिपाठी, मीना कुँवर, कृष्णमान् श्रेष्ठ र प्रदीप सापकोटा चयन भए । त्यस्तै, सुवास भण्डारी वडा प्रतिनिधि र युवराज दवाडी प्राध्यापक प्रतिनिधि निर्विरोध भए ।

गत ८ माघमा भएको क्याम्पस अधिवेशनबाट कृष्णबहादुर थापा क्याम्पस सभाध्यक्ष र तिलकप्रसाद तिम्सिना उपाध्यक्ष तथा अन्य १२ जना सिनेटर क्याम्पस सभा सदस्यमा निर्वाचित भएका थिए ।

निर्वाचित समितिलाई क्याम्पस सञ्चालक समितिका पूर्व अध्यक्ष तथा निर्वाचन समितिका संयोजक धर्मराज बास्तोलाले प्रमाणपत्र प्रदान गरेका थिए । उक्त सञ्चालक समितिको सदस्यसचिवमा क्याम्पस प्रमुख कृष्णप्रसाद पौडेल छन् ।

# अमरसिंहलाई युनाइटेडको स्मार्टबोर्ड

*आदर्श समाज*
पोखरा, २१ माघ

युनाइटेड क्लब पोखराले अमरसिंह माविका विद्यार्थीको पठनपाठनमा सहयोग पुऱ्याउने उद्देश्यले स्मार्टबोर्ड प्रदान गरेको छ ।

अमरसिंह खेलमैदानमा पोखरा महोत्सव आयोजना गरी शिक्षा, स्वास्थ्य, खेलकुद र पर्यटन प्रवर्द्धनसँगै सेती नदी संरक्षणमा काम गर्दै आएको क्लबले विद्यालयको विज्ञान संकायमा कक्षा ११ का विद्यार्थीको पठनपाठनमा सहयोग पुऱ्याउने उद्देश्यअनुरुप दुई थान डिजिटल स्मार्टबोर्ड प्रदान गरेको हो ।

क्लबका निवर्तमान अध्यक्ष राजु श्रेष्ठले युनाइटेड क्लबले स्थापनाकालदेखि नै विद्यालयलाई आर्थिक र भौतिक सहयोग गर्दै आएको बताए । १४ औं पोखरा महोत्सवसम्म आइपुग्दा युनाइटेड क्लबले लेखनाथको अर्चलेमा आफ्नै जग्गामा ४० लाखको लागतमा युनाइटेड छात्राबासको काम सुरु गरिसकेको र छिट्टै त्यसलाई सञ्चालनमा ल्याइने बताए ।

अमरसिंह मावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्णप्रसाद कोइरालाले युनाइटेड क्लब पोखरा र अमरसिंह माविबीच नङ र मासुको सम्बन्ध जस्तै सम्बन्ध रहेको बताए । हरेक वर्ष अमरसिंह माविको शैक्षिक स्तरोन्नतिका लागि आर्थिक, नैतिक र भौतिक सहयोग गरेको कोइरालाले सुनाए ।

जसअनुरुप १४ औं संस्करणको पोखरा महोत्सव सम्पन्न हुनासाथ विद्यार्थीहरुको आवश्यकता मध्यनजर गरी २ थान आधुनिक स्मार्ट बोर्ड हस्तान्तरण गरेकोमा खुसी व्यक्त गरे । क्लब अध्यक्ष लोकबहादुर थापाले क्लब र अमरसिंह माविको सहकार्यमा पोखरा महोत्सव १४ औं संस्करणसम्म आइपुगेको बताए ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १४ चाउथे स्थित ह्योल्मो सांस्कृतिक संग्रहालय निर्माण योजनाका लागि तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरूमा जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।

**योजनाको नाम** : ह्योल्मो सांस्कृतिक संग्रहालय निर्माण
**उपभोक्ता समितिको नाम** : ह्योल्मो सांस्कृतिक संग्रहालय निर्माण उपभोक्ता समिति
**योजनाको कुल लागत** : रु. ७,७९,०७०।२५
**सम्झौता मिति** : २०८२।०८।०३
**योजना सुरु मिति** : २०८२।०८।०४
**योजना सम्पन्न मिति** : २०८२।१०।२०
**महानगरपालिकाबाट प्राप्त हुनुपर्ने रकम** : रु.७,००,०००।-
**उपभोक्ताबाट** : रु. ७९,०७०।२५
**वास्तविक खर्च** रु. ७,७९,०७०।२५
**उपभोक्ता समितिका पदाधिकारीहरू**
**अध्यक्ष** : क्या. पूर्णबहादुर गुरुङ
**सचिव** : दिलबहादुर गुरुङ लामा
**कोषाध्यक्ष** : झलकबहादुर गुरुङ
**सदस्यहरू** : विष्णु गुरुङ, रीता लामा, खड्गबहादुर लामा, हिरा गुरुङ लामा

**अनुगमन समिति**
**संयोजक**
कृष्णहरि काफ्ले, वडा सदस्य पोखरा-१४
**सदस्य**
मिमबहादुर गुरुङ
मैना गुरुङ

## कर्मचारी आवश्यकता

घामपानी बचत तथा ऋण सहकारी संस्था लि., पोखरा-४, चिप्लेढुङ्गाको लागि निम्न पदमा देहायबमोजिम कर्मचारी आवश्यक भएको हुँदा मिति २०८२ माघ २८ गते कार्यालय समयसम्म दरखास्त आह्वान गरिन्छ ।

**पद** : सहायकस्तर **संख्या** : १ (महिला) **सेवा** : करार
**जिम्मेवारी** : बजार प्रवर्द्धन **तलब सुविधा** : संस्थाको नियमानुसार

**न्युनतम योग्यता** :
- १८ वर्ष पूरा भइ ४० वर्ष ननाघेको
- कम्प्यूटर सम्बन्धी ज्ञान भएको
- शैक्षिक योग्यता : एस.ई.ई. वा सो सरह

**पेश गर्नुपर्ने कागजातहरु** :
- व्यक्तिगत विवरण (वायोडाटा)
- नेपाली नागरिकताको प्रतिलिपि
- पासपोर्ट साइजको फोटो २ प्रति
- शैक्षिक योग्यता र अनुभव सम्बन्धी प्रमाणपत्रहरुको प्रतिलिपि

**छनौट प्रक्रिया** : अन्तर्वार्ता
सहकारी सम्बन्धी ज्ञान, सवारी चालक अनुमतिपत्र (मोटरसाइकल/स्कुटर) र स्कुटर भएकालाई प्राथमिकता दिइनेछ ।
कर्मचारी छनौट सम्बन्धी सर्वाधिकार संस्थामा निहित रहनेछ ।

**घामपानी बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा ४, चिप्लेढुङ्गा । फोन ०६१-५७०९९७, ५९०९९४

## सँधियारलाई ७ दिने सूचना

पोखरा महानगरपालिका वडा नं. १७ काउसेघारी स्थित कित्ता नं. ३९६, ३९९, ४०२, क्षेत्रफल २००.६ वर्गमिटरमा जग्गा धनी श्री ज्ञान सुवा गुरुङको निवेदन अनुसार नयाँ घर नक्सा निर्माण गर्न लागेको र सो जग्गाको साँधसँधियारसहितको सर्जमिन मुचुल्का गर्दा सो जग्गाको उत्तरतर्फको कि.नं. ३५८ का व्यक्ति नभेटिनु भएको हुँदा यो सूचना प्रकाशन गरिएको छ । यदि सो घर निर्माण गर्दा केही अड्चन पर्न गएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र पोखरा महानगरपालिका वडा नं. १७ मा निवेदन दिनुहुन अनुरोध गर्दछौं ।

**पोखरा महानगरपालिका**
**वडा नं. १७ वडा कार्यालय**

## अन्नपूर्ण संरक्षण क्षेत्र सम्पर्क कार्यालय

पोखरा, कास्की

आदर्श समाज राष्ट्रिय दैनिकको वर्ष ३० अंक २६५ मिति २०८२/१०/२१ गते प्रकाशित वन पैदावार (काठ/दाउरा) लिलाम बिक्रीको सूचनामा बनपैदावरको विवरणको छैटौं कोलममा **न्युनतम मुल्य (भ्याट बाहेक)** रु. ११,७८,९७०.५० हुनुपर्नेमा अन्यथा भएको हुदाँ सच्चाईएको छ ।

**RUPA RURAL MUNICIPALITY**
**OFFICE OF RURAL MUNICIPAL EXECUTIVE**
Rupakot, Kaski
Gandaki Province, Nepal

## NOTICE OF INTENT TO AWARD THE CONTRACT

**Date of publication: 2082/10/22 (5th Feb. 2026)**

**As per the notice of Invitation of Bid as published on Nov. 4th 2026, on national magazine Samadhan Daily and on the Nepal Government Procurement System's portal *www.bolpatra.gov.np/egp*, Rupa Rural Municipality, Rupakot, Kaski, the Employer, hereby notifies all concerned bidders of its intention to award the contract for the execution of the following works to the corresponding lowest evaluated substantially responsive bidder. The lowest evaluated substantially responsive bid has been selected in accordance with ITB Clause 33.1 of the Bidding Document. This notice is published as per Clauses 27.2 and 27.3 of the Public Procurement Act (PPA), 2063.**

| S.N. | IFB No. | Contract ID No. | Description of Works | Name and Address of Successful Bidders | Bid Amount Excluding VAT and PS (NRs.) |
|---|---|---|---|---|---|
| 1 | 2/RUPA/2082/2083 | 2/RUPA/NCB/WORKS/2082/2083 | Upgrading of Syaklungkot-Ramkot-Kaunepokhari-Ramadi Road, RRM-7/5 | ID Construction, Pokhara-27 | 3,88,00,503/- |

**Chief Administrative Officer**

## INVITATION FOR BIDDING FOR AWC KASKI MEETING HALL

**(Bid Reference No. GWTN/ITB/2025/26_010)**
**First Publication Date: 05 February 2026**

The **Gurkha Welfare Trust Nepal (GWTN),** the field arm of Gurkha Welfare Trust UK, a registered charitable Trust working particularly for the Ex-Gurkha veterans and their wider communities across Nepal needs to build a **Meeting Hall at Area Welfare Centres Kaski** as per the given Bill of Quantity (BoQ), Design & Drawings and Specification. Interested eligible Construction Companies or Metal Fabricators are invited to submit a competitive sealed bid for the same.

| Ser | Project(s) and Location | Tentative Floor Area |
|---|---|---|
| a. | Construction of a Meeting Hall made of Prefabricated metal frame with PUF panel walls, plywood floor, UPVC doors and Aluminium Window at Area Welfare Centre, Buddha Chowk, Pokhara-10, Kaski **(On Second Floor)** | 56.00 Sq.m |

Bid documents are available upon successful payment of **NPR3,000.00 (In words Nepalese Rupees Three Thousand only)** (non-refundable) from Procurement Cell, HQ GWT Nepal, British Gurkhas Pokhara, Kaski till **19 February 2026 (1700hrs)**. All completed sealed bids should be submitted **on or before 20 February 2026 (1600hrs)**.

For further details on eligibility requirement, please log on to https://www.gwt.org.uk/nepal/tenders/ and contact at the following address.

**The Gurkha Welfare Trust Nepal**
**British Gurkhas Pokhara**
Tallo Deep-16, Pokhara, Kaski, Nepal
Tel: 061-567 327 / 233
Email: Procurement@gwtnepal.org

## आजको पञ्चांग

**ज्यो. गंगासागर उपाध्याय**
**मोबाइल** : ९८५६०४१९२०
**Youtube : GG TV Nepal**

विसं २०८२ साल माघ २२ गते बिहीबार, तदनुसार इसं २०२६ फेब्रुवरी ५ तारिख, सिद्धार्थीनाम संवत्सर, श्रीसूर्यउत्तरायण, शिशिर ऋतु । चान्द्रमान अनुसार फाल्गुन कृष्ण पक्षको चतुर्थी तिथि मध्यरात्रि पछि २:०७ बजेसम्म, त्यसपछि पञ्चमी रहनेछ ।

नक्षत्र : उत्तरफाल्गुनी रात्रि १२:५४ बजेसम्म, त्यसपछि हस्ता रहनेछ ।

विष्कुंभादी योग : सुकर्मा मध्यरात्रि पछि २:१० बजेसम्म, त्यसपछि धृति रहनेछ ।

आनन्दादी योग : मातंग ।

करण : बव दिवा १:५६ बजेसम्म, त्यसपछि कौलव रहनेछ ।

श्रीसूर्य : मकर राशिमा, चन्द्रमा : कन्या राशिमा अहोरात्र व्याप्त रहनेछ ।

सूर्योदय : ६:५० बजे, सूर्यास्त : बेलुका ५:४६ बजे हुनेछ ।

## राशिफल

**मेष** — आर्थिक पक्ष मजबुत बन्नेछ । स्वदेश तथा विदेशबाट खुसीको खबर सुन्न पाइनेछ । शैक्षिक गतिविधिमा उन्नति हुनेछ ।आफन्तजनसँगको रमाइलो पल बित्नेछ । पुराना मित्रसँगको मिलनले प्रफुल्लित भइनेछ ।

**वृष** — असहज परिस्थितिको अन्त्य हुनेछ । पारिवारिक समस्या हल हुनेछ । सामान्य मिहिनेतले नै लक्ष्यमा पुग्न सफल भइनेछ । मिहिनेतअनुसारको प्रतिफल मिल्दा काम गर्ने हौसला थपिनेछ । खुसी बढ्नेछ ।

**मिथुन** — आफ्ना लागि भन्दा अरुका काम व्यवहारमा समय खर्चनु पर्नेछ । शोकप्रद खबरले चिन्तित बनाउनेछ । नयाँ कार्यको थालनीले तनाव मात्र थपिनेछ, सतर्क रहनु होला । सान्दर्भिक कार्यमा ध्यान पुग्ने छैन ।

**कर्कट** — परिश्रमको सही मूल्यांकन मिल्दा काम गर्ने जाँगर थपिनेछ । आकस्मिक धन लाभको योग बनेको छ । हर्षको खबर मिल्नेछ । पराक्रम बढेर जानेछ । धेरै क्षेत्रमा आफ्नो प्रभूत्व जमाउन सकिनेछ ।

**सिंह** — बोलीको कदर हुनेछ । धनसञ्चय गर्न मन लाग्नेछ । सामाजिक पद प्रतिष्ठा मिल्नेछ । अरु दिन भन्दा अध्ययनमा रुचि बढ्नेछ । सामान्य चुनौतिको सामना गर्नु परे तापनि अडिग भएर लागि पर्दा सफल भइनेछ ।

**कन्या** — विशिष्ट व्यक्तिसँग सहकार्य गर्ने अवसर मिल्नेछ । सहमतिबाट समस्याको निराकरण हुनेछ । टाढिएका आफन्तजनसँग मिलन हुनेछ । पुराना समस्याको समाधान रचिने छ भने नयाँ कार्य योजनाहरु बन्ने छन् ।

**तुला** — खर्च एवं परेशानीले छाड्ने छैन । अनावश्यक कार्यमा समय बित्ने देखिन्छ । टाढाको यात्रा त्यत्ति उपयुक्त देखिन्न । वैचारिक वेमेलका कारण विवादमा परिन सक्छ, बोली वचनमा सजग रहनु होला ।

**वृश्चिक** — विद्यार्थी वर्गका लागि अवसर मिल्नेछ भने, शैक्षिक गतिविधिमा समेत उन्नति हुनेछ । व्यवसायबाट उचित रुपमा लाभ मिल्दा हर्ष बढ्नेछ । सुखसन्तोष मिल्नेछ । आम्दानीका नयाँ स्रोतहरु जुट्ने छन् ।

**धनु** — साझेदारी कार्यबाट उचित प्रकारको लाभ मिल्नेछ । सुख सुविस्ताका साधन जुट्ने छन् । कलात्मक कार्यमा विशेष चासो रहनेछ । कर्म क्षेत्रमा नयाँ अवसर मिल्नेछ । माया प्रेमको बन्धन कसिलो बन्नेछ ।

**मकर** — व्यापार व्यवसायमा सुधार हुनेछ । धार्मिक कृत्यमा सहभागी हुने अवसर मिल्नेछ । सोचेका कार्यहरु एकाएक पूरा हुँदा खुसी लाग्नेछ । परोपकारी कार्यमा समय बिताउन पाइनेछ । सद्विचार आउनेछ ।

**कुम्भ** — गोपनीयता बाहिरिँदा समस्यामा परिन सक्छ, संयम रहनु होला । अनावश्यक कार्यमा भुल्दा गर्नैपर्ने कार्य भने अधुरै रहने छन् । अध्ययमा ह्रास आउनेछ । जिद्दिपनले गर्दा काम कार्य बिग्रन सक्छ, मैत्रीभाव राख्नुहोला ।

**मीन** — अपरिचित व्यक्तिको सहयोगले कार्य बन्नेछन् । नेतृत्वदायी कार्यको जिम्मेवारी मिल्नेछ । काम गर्ने कलाको प्रसंसाले उत्साह थपिनेछ । आकर्षण शक्ति बढेर जानेछ । पति पत्नीबीच सम्बन्ध सुमधुर रहनेछ ।